Notice No: RPLPLU-2081/082

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)
लुम्बिनी प्रदेश, नयागाउँ, बुटवल

Nepal Vocational Qualifications System (NVQS)

सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

**प्रथम प्रकाशन मिति २०८१/०९/१४ गते**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालय,नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाबाट सहुलियत शुल्कमा सञ्चालन हुने भौचर प्रणालीमा आधारित पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning-RPL) विधि अनुसार तपसिलका पेशाका इकाइगत (Unit-Based) सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेशी वा वैदेशिक रोजगारीबाट अनुभव प्राप्त तथा सीपयुक्त नेपाली नागरिकहरूबाट तपसिल बमोजिमका पेशा/व्यावसायमा फाराम भरी तोकिएका संकलन केन्द्रहरूमा आवेदन फाराम पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

<u>तपसिल</u>

क) फाराम संकलन केन्द्रहरु, परीक्षण हुने व्यवसाय र तह

| क. स. | आवेदन फारम संकलन केन्द्र | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, लुम्बिनी प्रदेश कार्यालय, बुटवल-१२ नयागाउँ, रुपन्देही | ०७१-४२२०७१<br>९८५७०४४०१८ | कन्सट्रक्सन मेसन | २ |
| | | | बिल्डिङ पेन्टर | २ |
| | | | सेलमोबाइल फोन / टेक्निसियन | २ |
| | | | टाईल मार्बल फिक्सर | १ |
| २. | भेरी प्राविधिक शिक्षालय नेपालगंज,बाँके | ०८१-५१२१५८<br>९८५८३२०४४७<br>९८५८०३०२५०<br>९८५८०२०८३८ | कन्सट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | वेल्डर | २ |
| ३. | राप्ती प्राविधिक शिक्षालय देउखुरी दाङ | ०८२-४१३००१<br>०८२-४१३००२<br>९८५७८४०९३० | कन्सट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | टाईल मार्बल फिक्सर | १ |

| | | | | |
|---|---|---|---|---|
| | | ९८५७८३४१२१ | | |
| ४. | वेस्टर्न नेपाल कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट, तुलसीपुर, दाङ | ०८२-५२०८४०<br>९८४४९६८३७५<br>९८५७८२४५९८ | कन्सट्रक्सन मेसन | २ |
| ५. | पाणिनी बहुप्राविधिक शिक्षालय, पाणिनी-७, चिवेक अर्घाखाँची | ९८५७०६९७५९<br>९८५७०६९११०<br>९८५७०१४००९ | कन्सट्रक्सन मेसन | २ |
| ६. | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही | ०७१-४५०००४<br>९८५७०७१२१८<br>९८५७०७०७५४ | वेल्डर | २ |
| ७. | जयन टेक्निकल कलेज अफ टेक्नोलोजी, बुटवल, रुपन्देही | ०७१-५३५९०३<br>०७१-५४११९९<br>९८५७०३०१०२<br>९८५७०३११३६<br>९८१३०४०८२१ | कन्सट्रक्सन मेसन<br>प्लम्बर | २<br>२ |

ख) आवेदनको लागि न्यूनतम योग्यता

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यावसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यावसायको ज्ञान र सीप भएका र सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यावसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भएका र सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

ग) <u>आवेदन तथा रजिस्ट्रेसन शुल्कः रु २७० (आवेदकले व्यहोर्ने)</u>

घ) <u>सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरूः</u>

१. यस सूचना तथा आवेदन फाराम सामाजिक विकास, लुम्बिनी प्रदेशको वेभसाइट https://mosd.lumbini.gov.np/ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) लुम्बिनी प्रदेशको वेभसाइट https://ctevt.org.np/lumbini-province-office बाट डाउनलोड गर्न तथा तोकिएका फाराम संकलन केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

CTEVT Lumbini Province

२. आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८१/१०/०६ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३. आवेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको समान किसिमका फोटो २ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र अनुभवको प्रमाणपत्रको हकमा नेपाल ) सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/व्यावसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको /व्यवसायीले सम्बन्धित पेशा/उद्योग/ वर्ष उमेरपछ १६ अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। ्किो अनुभवको मात्र गणना हुनेछ।

४. स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन्।

५. वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशामा विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।

६. तोकिएको समयभित्र दर्ता नभएका र रीत नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन्।

७. परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट गराइनेछ। - सीप परीक्षण केन्द्रबाट सहभागी स्वयं उपस्थित भई सीप परीक्षणको अघिल्लो दिनसम्म प्रवेश पत्र प्राप्त गर्न सकिनेछ। सम्पर्क मितिको भोलिपल्टदेखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ।

८. परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर सीप ) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउनेछन्। (परीक्षणमा लाग्ने सामाग्री

९. आवेदकले कुनै एक पेशामा मात्र आवेदन दिन पाउनेछन्।

१०. तहगत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका )NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाणपत्र प्राप्त गर्नेछन्।

११. सीप परीक्षण आवेदन फाराम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा आवश्यक कागजात पुगेको रुजु गरी आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र )Online System बन्द हुने भएकालेउक्त ( अवधिभित्र अनलाइन फारामप्रविष्ट )entry( गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, लुम्बिनी प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, राजमार्ग चौराहा च.हि.खाता नं. ३३६०१०००००३५२००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१२. यस सूचनामा उल्लेखित पेशा/व्यावसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ । कुनै व्यवसायमा स्वीकृत आवेदन फाराम संख्या ५ भन्दा कम भएमा सो व्यवसायको सीप परीक्षण संचालन गरिने छैन ।

थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लुम्बिनी प्रदेशको सम्पर्क नम्बर ९८५७०४४०१८ व ०७१-४२२०७१ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०८२-५९०५०८ मा सम्पर्क गर्न सकिने छ ।

का.मु. निर्देशक

CTEVT Lumbini Province